११२५।६३६

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. २४६/२०७२/०७३

निर्णय नं. ७३७

महोत्तरी जिल्ला, सुन्दरपूर गा.वि.स. वडा नं. ४ बस्ने राज किशोर शाह ........................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी .........................................१ प्रत्यर्थी
सूचना अधिकारी, श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी .........................................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

महोत्तरी जिल्ला, सुन्दरपूर गा.वि.स. वडा नं. ४ बस्ने राज किशोर शाहले श्री जनता उच्च मा.वि.सुन्दरपुर, महोत्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।२१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०४।२९ र २०७२।५।३१ को पत्रबाट श्री जनता उच्च मा.वि. सुन्दरपुर,महोत्तरीलाई सूचना उपलब्ध गराउने लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेको बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेली दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्